घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७२

MAYUR
Date
Page

बैठक संख्या :

आज मिति २०७७ साल भाद्र १ गते सोमबारका दिन अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा घ्याङलेख गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | वडा अध्यक्ष | |
| ४ | श्री एक बहादुर खड्का | वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर थिङ | वडा अध्यक्ष | |
| ६ | श्री चक्र बहादुर पाखिन | वडा अध्यक्ष | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | वडा अध्यक्ष | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |

## अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेश कुमार अधिकारी | अधिकृत सातौं लेखा | |
| २ | दिपेश न्यौपाने | ईन्जिनियर | |
| ३ | रुद्र प्रसाद दहाल | लेखापाल | |
| ४ | भरतजंग थापा | सहायक पाँचौं | |
| ५ | सुदिप थापा | कम्प्यूटर अपरेटर | |

MAYUR

# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको बैठक
# मिति २०७७ साल भाद्र १ गते सोमबार
# बैठकका प्रस्ताव तथा निर्णयहरु

**वैठकका प्रस्तावहरु :**

१. स्थानीय तहका कर्मचारीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त कार्य सम्पादन मूल्यांकन फारामको ढाँचा स्वीकृत गर्ने सम्वन्धमा ।
२. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, गाउँ स्वास्थ्य ईकाइ र सामुदायिक विद्यालयमा रहेका कर्मचारी र शिक्षकको सेवा करार म्याद थप गर्ने सम्वन्धमा ।
३. विपद् व्यवस्थापनका लागि खरिद भएका सामानहरु वितरण गर्ने सम्वन्धमा ।
४. प्राविधिक कर्मचारीहरुलाई वडाको जिम्मेवारी दिने सम्वन्धमा ।
५. गा.पा. अध्यक्षका स्वकीय सचिव राजेश लोलाई वडा नं. १ को सहायक कम्प्यूटर अपरेटर पदमा समायोजन गर्ने सम्वन्धमा ।
६. कोविड १९ का महामारीका कारण परेको प्रभावको रोकथाम तथा नियन्त्रणको लागि लकडाउन वा सर्ट डाउन गर्ने सम्वन्धमा ।
७. पशु सेवा शाखाबाट प्राप्त सेवा शुल्क निर्धारण गर्ने सम्वन्धमा ।
८. स्थानीय दर रेट निर्धारण गर्ने सम्वन्धमा ।
९. गाउँ स्तरीय शिक्षा समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

ग्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७२

**वैठकका निर्णयहरु :**

१. स्थानीय तहका कर्मचारीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त कार्य सम्पादन मूल्यांकन फारामको ढाँचा मिति २०७७ साउन १ गते देखि नै लागु हुने गरी स्वीकृत गरियो ।

२. २०७६ श्रावण महिनाको १ गते देखि हाल सम्म गाउँ कार्यपालिकाको कार्यालय ( जिल्ला समन्वय समिति र प्रदेश सरकारबाट समायोजन भई आएका समेत), वडा कार्यालय, स्वास्थ्य चौकी, गाउँ स्वास्थ्य ईकाइ र सामुदायिक विद्यालयहरुमा रहेका सबै स्तरका कर्मचारी र शिक्षकले साविकमा खाईपाई आएको सेवा सुविधा (तलब भत्ता लगायतका अन्य सुविधा नघट्ने गरी) २०७७ साल श्रावण १ गते देखि लागु हुने गरी सेवा करारको म्याद २०७८ असार मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो ।

३. गत आ.व. २०७६।०७७ मा विपद् व्यवस्थापनको लागि विनियोजन भएको रकमबाट खरिद भएका तारजाली, एच डि पि पाईप र जस्तापाताहरु विपद्मा परेका घरधुरीहरुलाई वडा कार्यालयको सिफारिश र प्रहरी मुचुल्काको आधारमा मात्र गा.पा. अध्यक्षको तोकादेश अनुसार वितरण गर्ने र वडा नं. ३ को केराबारीमा ५ घरधुरी र वडा नं. ४ को रामभेडेमा २५ घरधुरी घरपरिवार पहिरोको जोखिममा परेका हुदा बस्ती संरक्षण वा स्थानान्तरण गर्न सबै निकायमा पहल गर्ने निर्णय गरियो । साथै वडा नं. ४ शिखरपुरका जित बहादुर वाईवा, कबासेका ताराकुमार श्रेष्ठ लगायत ३ जनाको पहिरोबाट घर बग्ने सम्भावना भएकोले उचित राहत दिने निर्णय गरियो ।

४. विकास निर्माणका कामहरुका सहजतापूर्वक संचालन गर्न हाल गाउँपालिकामा रहेका पूर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारीहरु मध्ये सब ईन्जिनियर पद संख्या २ र असिस्टेन्ट सब ईन्जिनियर पद संख्या ३ जना रहेकोले निजहरुलाई गाउँपालिका भित्र रहेका ५ वडाहरुमा र आवश्यकता अनुसार पूर्वाधार शाखामा समेत कामकाज गर्ने गरी जिम्मेवारी बाँडफाँड गर्ने निर्णय गरियो ।

५. हाल गा.पा. अध्यक्षको स्वकीय सचिव भई कामकाज गरी आउनु भएका राजेश लोलाई निजको निवेदन र गाउँपालिका अध्यक्षज्यूको तोक आदेश अनुसार हाल खाईपाई आएको सेवा सुविधा नघट्ने गरी वडा नं. १ को सूचना प्रविधिको समेत कामकाज गर्ने गरी सहायक कम्प्यूटर अपरेटर पदमा कामकाज गर्ने गरी सेवा करार गरी समायोजन गर्ने र सूचना प्रविधिको समेत कामकाज गर्ने गरी सहायक कम्प्यूटर अपरेटर पद रिक्त रहेका वडा नं. २, ३ र ४ मा सेवा करारमा कामकाज गर्ने गरी पदपूर्तिको लागि नियमानुसार विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

६. कोरोना भाईरस (कोविड -१९ ) को बढ्दो संक्रमणका कारण जोखिमपूर्ण अवस्था सिर्जना भएकोले सो को नियन्त्रण तथा रोकथामका लागि मिति २०७७।०५।०१ गते राती १२.०० बजे देखि मिति २०७७।०५।१० गतेको राती १२.०० सम्म यस गाउँपालिकाको कार्यालय तथा मातहतका सबै कार्यालयहरुबाट दिईने अत्यावश्यक र स्वास्थ्य सेवा वाहेक अन्य सेवा बन्द गर्ने र अत्यावश्यक सेवा अन्तर्गतका खाद्यान्न तथा तरकारी पसलहरु प्रत्येक अपरान्ह ३.०० बजे देखि साँझ ६.०० सम्म ३ घण्टा मात्र खुल्ला गर्न दिने र सम्पूर्ण विद्यालयहरुले सुरक्षाको

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत



जगत बहादुर भोलन
अध्यक्ष

मापदण्ड अपनाई विद्यालय भन्दा बाहिर हप्ताको १ पटक बैकल्पिक सिकाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

७. यस कार्यालयको पशु सेवा शाखाबाट सर्वसाधारणलाई सेवा दिदा तपसिल अनुसारको सेवा शुल्क लिई सेवा दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | सेवाको प्रकार | सेवा शुल्क रकम (रु.) प्रति ईकाइ | कैफियत |
|---|---|---|---|
| १ | **पशु पन्छी उपचार सेवा** | | |
| १.१ | गाई, गोरु | ५०।०० | |
| १.२ | राँगा, भैसी | ६०।०० | |
| १.३ | खसी बोका, बाखा | २५।०० | |
| १.४ | सुंगुर, बंगुर | १५।०० | |
| १.५ | हांस, कुखुरा (अन्य पन्छी) | १०।०० | |
| १.६ | कुकुर, बिरालो | १५।०० | |
| १.७ | जंगली जनाबर | निशुल्क | |
| २ | **पशु बन्ध्याकरण** | | |
| २.१ | बहर (हल) | ५०।०० | |
| २.२ | रांगा | ५०।०० | |
| २.३ | बोका | २५।०० | |
| २.४ | बिर (सुंगुर, बंगुर) | १५।०० | |
| ३ | **प्रयोगशाला सेवा** | | |
| ३.१ | गोबर जाँच | ३०।०० | |
| ३.१ | पिसाब परीक्षण | १५।०० | |
| ३.२ | दुध परीक्षण | १५।०० | |
| ३.३ | छाला रोग परीक्षण | १५।०० | |
| ३.४ | शव परीक्षण | २०।०० | |
| ३.५ | कुखुरा, हाँस र अन्य पन्छी | ५।०० | |
| ३.६ | अन्य पशु | १०।०० | |
| ४ | **कृतिम गर्भाधान सेवा** | | |
| ४.१ | गाई | १००।०० | |
| ४.२ | भैसी | १००।०० | |
| ४.३ | बाखा | ५०।०० | |
| ५ | **पशु पन्छी उपचार तथा खोप सम्वन्धी परामर्श सेवा** | **निशुल्क** | |

८. स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित) को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय दररेट तोक्नु पर्नेछ भन्ने उल्लेख भएकोले स्थानीय दररेट निर्धारण गर्नको लागि निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

निम्न:

| | |
|---|---|
| १. गा.पा. अध्यक्ष श्री जगत बहादुर भोलन | संयोजक |
| २. गा.पा. उपाध्यक्ष श्री दुर्गा देवी सुनुवार | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. वडा अध्यक्षहरु | सदस्य |
| ५. कार्यपालिका सदस्यबाट अध्यक्षले तोकेको १ जना | सदस्य |
| ६. जिल्ला निर्माण व्यवसायी संघले तोकेको १ जना | सदस्य |
| ७. घ्याङलेख निर्माण व्यवशायी संघले तोकेका १ जना | सदस्य |
| ८. जिल्ला उद्योग वाणिज्य संघले तोकेका १ जना | सदस्य |
| ९. पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत



जगत बहादुर भोलन
अध्यक्ष